# स्वयंसेवा

**बहुसांस्कृतिक सहकर्मी सञ्जाल (Multicultural Peer Network)**



**तपाईंलाई नयाँ मान्छे भेट्न** र **आफ्नो प्रतिभा पत्ता लगाउन** स्वयंसेवाले मद्दत गर्न सक्छ। यो घरबाट बाहिर निस्कने र आफ्नो समुदायमा संलग्न हुने एक राम्रो तरिका हो।

स्वयंसेवाले तपाईंलाई आफ्नो समुदायमा जोडिन र यसलाई राम्रो ठाउँ बनाउन लगाउँदछ। स्वयम्सेवी काम बेतलबी हुन्छन्।

## सामाजिक समावेशीकरण

> तपाईंको स्थानीय समुदायको हिस्सा हुनु

> नयाँ साथी बनाउने

> समान विचारधारा भएका व्यक्तिहरूको समूहसँग सम्बन्धित हुने

> तपाईंको स्थानीय समुदायमा अरूलाई मद्दत गर्ने

> नयाँ कौशलको खोज र निर्माण

> फरक (प्रभाव) पार्ने चाहना।

## किन स्वयंसेवक हुने?

स्वयंसेवाले तपाईंको **आत्मविश्वास** बढाउन र समग्रमा **खुशी** हुन मद्दत गर्न सक्छ। यसले तपाईंलाई गर्व र पहिचानको भावना पनि दिन सक्छ। स्वयंसेवकको रूपमा आफ्नो समय दिएर तपाईंले अरू र समुदायको लागि राम्रो गर्दै हुनुहुन्छ।

> **नयाँ सीप** सिक्नुहोस्

> महत्त्वपूर्ण **कार्य अनुभव** र केहि योग्यता पनि हासिल गर्नुहोस्

> **चुनौती** स्वीकार्नुहोस्

> **भरोसा** र **आत्मविश्वास** निर्माण गर्नुहोस्

> **संचार कौशल** विकास गर्नुहोस्

> **एउटा समूहको** हिस्सा बन्नुहोस्।

**स्वयंसेवाले तपाईंलाई आफ्नो सीपहरू विकास गर्न र तलबी रोजगार प्राप्त गर्न मद्दत गर्न सक्छ।**

## क्यारियर (पेशागत) अनुभव र मार्गहरू

**कामको अनुभव प्राप्त गर्ने** र दीर्घकालीन प्रतिबद्धता नगरी नयाँ क्यारियर प्रयास गर्न स्वेच्छिक सेवा एक राम्रो तरिका हो।

## म कहाँ स्वयं सेवा गर्न सक्छु?

> तपाईंको समर्थक समूहका मानिसहरूलाई सोध्नहोस्

> स्वयंसेवा अष्ट्रेलिया (Volunteering Australia):
**https://www.volunteeringaustralia.org/**

> आफ्नो स्थानीय काउन्सिलको वेबसाइट वा स्थानीय पुस्तकालय जाँच गर्नुहोस्

> आफ्नो स्थानीय चर्च, धार्मिक संस्था वा विद्यालयहरूमा जाँच गर्नुहोस्

तपाईंको रूचिहरू
**अन्वेषण गर्नुहोस्**

वास्तविक
व्यावहारिक कामको
**अनुभव लिनुहोस्**

नयाँ चीजहरू
**कोशिस गर्नुहोस्**

विभिन्न संस्कृति
र पृष्ठभूमिका
नयाँ मान्छेहरू
**भेट्नुहोस्**

अरूद्वारा **प्रेरित गर्नुहोस्**
र अरूहरूलाई आफूबाट
प्रेरित गराउनुहोस्

आफ्नो सामाजिक र
संचार कौशलको
**विकास गर्नुस्**

बहुसांस्कृतिक सहकर्मी सहायता सञ्जाल (MPN) अन्तर्राष्ट्रिय बसोबास सेवा (Settlement Services International (SSI)) को एउटा पहल हो। परियोजनालाई अष्ट्रेलिया सरकारको सामाजिक सेवा विभाग (Department of Social Services) द्वारा आर्थिक सहायता उपलब्ध छ।

**www.ssi.org.au/services/disability-services/multicultural-peer-network**

SSI settlementservices international